जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक ३३१ • २०८२ असोज ३ गते शुक्रवार • 19 Sep. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

# कमला-बर्दीबास-बागमती सडक स्तरोन्नतिको काम जेनजी आन्दोलनका कारण अवरुद्ध

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ असोज**




पूर्वपश्चिम राजमार्ग अन्तर्गत कमला-बर्दीबास-बागमती सडक स्तरोन्नतिको काम जेनजी आन्दोलनका कारण अवरुद्ध छ । आन्दोलनको आडमा तोडफोड, आगजनी र सुरक्षा चुनौती बढेपछि निर्माण कार्य रोकिएको जनाइएको छ ।

काम ठप्प हुँदा ३०० बढी कामदार अलपत्र छन् । विश्व बैंकको १८ अर्ब ६० करोड रुपियाँ ऋण सहयोगमा निर्माणाधीन ७४.७५ किलोमिटर लम्बाइको यो सडक सन् २०२५ जनवरीमा सुरु भई सन ०२७ को जनवरीमा सम्पन्न गर्नुपर्ने भए पनि विभिन्न बाधा-अवरोधले आयोजना प्रभावित हुँदै आएको छ । आयोजना प्रमुख छविलाल पौडेलका अनुसार हाल सडक खण्डमा पुल र कल्भर्ट निर्माणको काम भइरहेको थियो । अहिलेसम्म १० वटा कलभर्टको निर्माण सम्पन्न भइसकेको छ । १९ पुल र १२ कलर्भट नर्माण भइरहेको बेला आन्दोलन चर्केपछि कामदारको सुरक्षा र निर्माण उपकरण जोगाउन काम रोक्नु परेको जनाइएको छ ।

निर्माणाधीन अधिकांश पुलपुलेसा महोत्तरी र सर्लाहीको जङ्गली क्षेत्रमा पर्छन् । जेनजी आन्दोलन चर्केको मौकापारी निर्माण स्थल आसपासको टुटेश्वर र गढन्ताको साझेदारी वनमा हथियारधारी समुहले वन अध्यक्षलाई नियन्त्रणमा लिई व्यापक फडाँनी गरेको घटनाले पनि ठेकेदार कम्पनीलाई काम रोक्न दबाबमा पारेको हो । पौडेलका अनुसार आन्दोलनका कारण निर्माण कार्य मात्र नभई प्रशासनिक प्रक्रिया समेत प्रभावित छन् । सडक 'राइट वे' भित्र पर्ने रुख, विद्युत पोल तथा घरटहरा व्यवस्थापनको काम पनि स्थगित छ । आन्दोलनका कारण कमलादेखि बागमतीसम्मको सडक दायाँबायाँ पर्ने ८ हजार ४५२ वटा रुख हटाउने प्रक्रिया अन्तिम चरणमा पुगेर रोकिएको छ । रुखको गणना, प्रमाणीकरण, नम्बरिङ र टाँचा लगाउने काम सकिएको छ । अब प्रदेश वन निर्देशनालयको अनुगमनपछि डिभिजन वन कार्यालयबाट कटान आदेश जस्ता प्रक्रियागत काममा बाधा पुगेको छ ।

यस्तै, सडक विस्तार क्षेत्रमा पर्ने २ हजार २४१ वटा विद्युत् पोलको व्यवस्थापन पनि पछि धकेलिएको छ । सडक क्षेत्राधिकारमा पर्ने २५-२५ मिटरभित्रका घरटहरा हटाउन गठित ३ सदस्यीय समितिले २ साताभित्र प्रतिवेदन बुझाउनु पर्ने थियो । आन्दोलनले यो प्रक्रिया पनि प्रभावित भएको गौरीडाँडास्थित आयोजनाको कार्यालयले जनाएको छ ।

विभिन्न बाधा व्यवधानका कारण समय सीमाभित्र सडक निर्माण सकिने सम्भावना चुनौतीपूर्ण बन्दै गएको पौडेलले जनाउनुभयो । उहाँले भन्नुभयो "अवस्था सहज हुँदै गएकोले काम सुचारु गर्ने प्रयास भइरहेको छ । तथापि एकपटक रोकिएको काम पुनः सुचारु गर्न तयारी र व्यवस्थापनमा समय त लाग्छनै ।'

# 'बालेन' को पुख्यौंली घरमा तोडफोड गरिएको भन्दै भिडिओ भाइरल

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ असोज**



सामाजिक सञ्जालमा अहिले काठमाडौं महानगरपालिकाका प्रमुख (मेयर) बालेन्द्र शाह 'बालेन'को महोत्तरीस्थित पुख्यौंली घरमा तोडफोड गरिएको भन्दै एउटा भिडिओ भाइरल छ ।

जेनजी आन्दोलनपछि मुलुकमा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार ढलेर अन्तरिम सरकार गठन भएका बेला उक्त भिडिओ सार्वजनिक भएको हो । जेनजी आन्दोलनमा मेयर बालेनले पनि समर्थन गरेका थिए भने सुरुमा आन्दोलनकारीले उनैलाई प्रधानमन्त्री बन्न प्रस्ताव गरेका थिए । तर उनले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई समर्थन गरेपछि राष्ट्रपति रामचन्द्र पौडेलले नियुक्ति गरेका थिए । यसैबीच मेयर बालेनलाई 'विदेशीबाट परिचालित भन्दै' महोत्तरीको एकडारा गाउँपालिका वडा नम्बर २ स्थित उनको पुख्यौंली घरमा तोडफोड भनेर सामाजिक सञ्जालमा भिडिओ भाइरल पारिएको हो ।

यस विषयमा बिहीबार बिहान महोत्तरी जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी शैलेन्द्र भट्टले कुरा झुटो भएको बताए । 'हामीले पनि सामाजिक सञ्जालमा भिडिओ देख्यौं, त्यसपछि उहाँको घरमा गयौं तर पछिल्लो समय उनको घरमा कुनै तोडफोड भएको छैन, त्यो भिडिओ अहिलेको होइन ।' डीएसपी भट्टका अनुसार त्यो भिडिओ पहिलेकै कुनै बेलाको हो ।

'तर त्यो कहिलेको र कुन सन्दर्भमा थियो भन्ने कुरा हामीलाई थाहा भएन', उनले भने, 'तर त्यो पछिल्लो समय (जेनजी आन्दोलनपछि) को होइन, हाल त्यहाँ केही पनि भएको छैन ।'

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2 - SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627
Class- PG to Class-X


Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

*चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,*

- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

*दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड




# पुनर्निर्माणमा जोड दिन जरुरी

लोकतान्त्रिक शासन व्यवस्थामा सरकारले जनअपेक्षा अनुसार डेलिभरी दिन नसकेको अवस्था र सोप्रति युवाहरूको आक्रोश जेन-जी आन्दोलनमा आगोकम घिउ थप्ने काम बन्न पुग्यो । भदौ २३ गतेको जेन-जीहरूको विरोध कार्यक्रममा निहत्था विद्यार्थी युवाहरूको हत्यापश्चात् जेन-जीहरूमा तीव्र प्रतिशोधको भावना उर्लियो र, सरकारप्रति असन्तुष्ट पक्षहरूको समेत संलग्नतामा भदौ २४ गते देशव्यापी रूपमा आगजनी, तोडफोड, चोरी, लुटपाट सहितको विध्वंसात्मक गतिविधिहरू भयो। यसै उपक्रममा अतिकम विकसित मुलुकको वर्गमा रहेको देशमा यो तहको अपूरणीय मानवीय र भौतिक क्षति व्यहोर्नुपऱ्यो ।

यसको असर राज्य तह भई करिब-करिब सरकार विहीनता, कानुनी शासन विहीनता र राज्य शून्यताको अवस्था देखा पऱ्यो । विध्वंसात्मक गतिविधिहरू आक्रमक हुँदै गएपछि नागरिक तहमा समेत असुरक्षा र आतंकको महसुस हुन पुगे । सो समयमा नेपाली सेनाले अग्रसरता लिई तत्काल निषेधाज्ञा र कर्फ्यु लगाई हिंसात्मक र ध्वंसात्मक स्थितिलाई नियन्त्रण लिँदा थप धनजनको क्षति हुनबाट रोकियो । जेन-जी आन्दोलन पश्चातको पुनर्निर्माणले सबल र प्रभावकारी भौतिक संरचनाहरूका पुनर्निर्माणलाई सुनिश्चित गर्नुपर्छ। अबको पुनर्निर्माणमा यसका साथै अन्य आर्थिक सामाजिक र सांस्कृतिक पक्षाको पुनर्निर्माणलाई समेत जोड दिनुपर्छ। यस आन्दोलनबाट सारभूत पाठ सिकाइलाई आगामी दिनमा राष्ट्र निर्माणमा अवलम्बन गर्ने संकल्प सबै व्यक्ति र निकायले गर्नुपर्ने आवश्यक रहेको देखिन्छ ।

# सडक निर्माणको नाममा लाखौं रकमको अनियमितता गरेको स्थानीयको आरोप

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २ असोज**



सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिका वडा ४ र ३ अन्तर्गत पर्ने विशाल चौकदेखि राजविराजसम्म सडक निर्माणको नाममा लाखौं रकमको अनियमितता गरेको स्थानीयले आरोप लगाएका छन्।

गाउँपालिका स्तरीय योजना अन्तर्गत सञ्चालित २० लाखको योजनामा उपभोक्ता समिति र गाउँपालिकाको मिली भगतमा बजेट रकममा अनियमितता तथा दुरुपयोग गरेको स्थानीय सुरेन्द्र यादवको आरोप छ। गाउँपालिकाको बजेट समयमा उपयोग नहुँदा उक्त बाटो भएर आवतजावत गर्न ठुलो सास्ती खेप्नु परेको अग्नीसाईर कृष्णासावरन गाउँपालिका वडा ३ का पूर्व वडाध्यक्ष अरुण कुमार चौधरीले बताउनुभयो। ग्राभेल भएको बाटामा मर्मत गर्ने नाममा थप विगारेर खाल्डाखुल्डी बनाउँदा उक्त बाटो भएर संचालन हुने सिटीरिक्सा, एम्बुलेन्स लगायतका आकस्मिक सेवा सञ्चालनमा समस्या उत्पन्न भएको उहाँले बताउनुभयो । उहाँले बाटो मर्मतको नाममा उपभोक्ता समिति र गाउँपालिकाको मिलीभगतमा अनियमित गरेको आरोप लगाउनुभयो । उहाँले मर्मतसम्भारको काम गर्नुभन्दा अगाडि सडकमा आवतजावत गर्न सहज थियो, तर जब मर्मतको नाममा ग्राभेल खनेर माटो लगाइयो, त्यसपछि सडकमा हिँड्नै नसक्ने गरि समस्या आएको बताउनुहुँदै पैसा कमाउने नियतले स्टिमेट अनुसार काम नहुँदा यस सडक भएर आवत जावतमा सास्ती खेप्न बाध्य छन् । पूर्व वडाध्यक्ष चौधरीले २० लाखको मर्मत सम्भारको कार्यमा २० प्रतिशत भन्दा कम काम गरि बजेट बाँडफाँड गरेको दावी गर्दै सडक मर्मत सम्भारको कार्यमा ५ लाख भन्दा कमै खर्च भएको आरोप लगाउनुभयो। स्थानीय बद्री चौधरीले जेसीबीबाट छेउको माटो खनेर खाल्डाखुल्डी पुरेको कारण उपभोक्ता समितिले सडक बनाउनुभन्दा विगारेको गुनासो गर्नुभयो। उहाँले कामै नगरी २० लाख रुपियाँ भुक्तानी लिएकोले छानवीन गरि कारबाही गर्नुपर्नेमा बताउनुभयो। सिटिरिक्सा चालक गुगली रजकले सडकको ठाउँ-ठाउँमा खाल्डाखुल्डी भई हिलाम्मे हुँदा ठुलो सास्ती खेप्नुपरेको बताउनुभयो । त्यस्तै अर्को सिटी चालक खेलानन्द चौधरीले बाटो विग्रीएकाले बाटोको कारण आम्दानी ठप्प भएको बताउनुभयो । उहाँले कमाई नहुँदा सिटी किन्न लिएको ऋणको किस्ता बुझाउन समेत नसकेको दुखेसो पोख्नुभयो।




अनुरोधकर्ता
बटेश्वर गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


# सतीशकुमार सिंह नेतृत्वको सरकार अल्पमतमा



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २ असोज**

जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि जनमत पार्टीबाटै मधेश प्रदेशका मुख्यमन्त्री बन्नुभएका सतीशकुमार सिंह नेतृत्वको सरकार अल्पमतमा परेको छ।

जनमत पार्टी संसदीय दलका नेता महेश यादवले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुखको कार्यालय र प्रदेश सभा सचिवालयमा मङ्गलबार दर्ता गराएपछि दर्ता गराएको ३० दिनभित्रमा मुख्यमन्त्रीले प्रदेश सभामा विश्वासको मत लिन सक्ने वा राजीनामा दिएर अर्को सरकार गठनका लागि निकास दिन सक्ने व्यवस्था रहेको प्रदेश प्रमुख कार्यालयका निमित्त सचिव शत्रुधन यादवले जानकारी दिनुभयो।

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पढाईमा ध्यान दिनुपर्ने
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: मनमा पछुतो आउने
कन्या: अनावश्यक चिन्ता
तुला: आम्दानी हुने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: लामो यात्राको योग छ
मकर: मित्रतामा फाटो आउने
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# शेख हसिना परिवारको एनआईडी ब्लक, चुनावमा मतदान गर्न नपाउने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ असोज



बङ्गलादेश निर्वाचन आयोगले पूर्वप्रधानमन्त्री शेख हसिना र उनका परिवारका सदस्यहरूलाई आगामी वर्ष फेब्रुअरीमा हुने राष्ट्रिय चुनावमा मतदान गर्न नपाउने घोषणा गरेको छ। "आगामी संसदीय चुनावले देशभित्र र विदेशमा दुवै मतदानको सुविधा दिनेछ । विदेशमा रहेका बङ्गलादेशीहरूले अनलाइन दर्ता गर्नुपर्नेछ, जसका लागि हाल नयाँ प्रणाली विकास भइरहेको छ", निर्वाचन आयोग (ईसी) का वरिष्ठ सचिव अख्तर अहमदले बुधबार भने । उनका अनुसार प्रवासीहरूले पासपोर्ट नभई, आफ्नो एनआईडी प्रयोग गरेर मात्र अनलाइन दर्ता गर्न सक्नेछन्। जसको एनआइडी ब्लक गरिएको छ, उनीहरूले अनलाइन दर्ता गर्न पाउने छैनन् र दर्ता गर्न सक्नेहरूलाई मात्र मतदान गर्ने अधिकार हुनेछ। दैनिक युगान्तोरका अनुसार निर्वाचन आयोगले गत फेब्रुअरी १६ मा शेख हसिनासहित उनका १० जना परिवारका सदस्यको एनआईडी अवरुद्ध गरेको थियो।

ब्लकमा परेकामध्ये उनका छोरा सजीब वाजेद जोय, छोरी साइमा वाजेद पुतुल, बहिनी शेख रेहाना, भतिजीहरू ट्युलिप रेजवाना सिद्दीकी र अजमिना सिद्दीकी, साथै भतिजा रादवान मुजीब सिद्दीकी पनि हन्। शेख हसिना विदेशबाट मतदान गर्न पाउने हो कि भन्ने प्रश्नमा सचिव अहमदले भन, "उहाँको एनआइडी अवरुद्ध छ। त्यसैले उहाँले मतदान गर्न सक्नुहुनेछैन।" पूर्वप्रधानमन्त्री हसिना गत वर्ष अगस्ट ५ मा विद्यार्थी नेतृत्वको विद्रोहपछि देश छोडेर भारतमा शरण लिन पुगेकी थिइन्। त्यसपछि नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार बनेको हो।

# कल्कि २८९८ एडीको सिक्वेलबाट बाहिरिइन् दीपिका

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ असोज



बलिउड अभिनेत्री दीपिका पादुकोण २०२४ को तेलुगु ब्लकबस्टर फिल्म 'कल्की २८९८ एडी' को सिक्वेलमा नदेखिने भएकी छिन्। नाग अश्विन निर्देशित फिल्म 'कल्की २८९८ एडी' निर्माण गर्ने वैजयन्ती मुभिजले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा एउटा पोस्ट गर्दै यो खबर सेयर गरेको हो।

दीपिका पादुकोण फिल्म कल्की २८९८ एडीको आगामी सिक्वेलको हिस्सा नहुने आधिकारिक रूपमा घोषणा गरिएको पोष्टमा लेखिएको छ। 'धेरै विचार-विमर्श पछि, हामीले अलग हुने निर्णय गरेका छौं। पहिलो फिल्मको लामो यात्राको बाबजुद, हामीले अर्को साझेदारी गर्न सकेनौं। कल्की २८९८ एडी जस्तो फिल्मका लागि प्रतिबद्धता र योभन्दा बढी कुरा चाहिन्छ। हामी दीपिकालाई उनको भविष्यको प्रयासमा शुभकामना दिन्छौं।' दीपिका पादुकोणले फिल्ममा ब्रह्माण्डको उद्धारकर्ता कल्कीकी आमा सुमतिको भूमिका निर्वाह गरेकी थिइन्। दीपिकाले फिल्ममा गर्भवती महिलाको भूमिका खेलेकी छिन्।

# राष्ट्र बैंकद्वारा ९० अर्ब निक्षेप खिच्ने तयारी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ असोज



वित्तीय प्रणालीमा अधिक तरलता कायम रहेपछि नेपाल राष्ट्र बैंकले आज (बिहीबार) ९० अर्ब रुपैयाँ निक्षेप खिच्ने भएको छ। बैंकले वित्तीय बजारमा तरलता व्यवस्थापन गर्न र ब्याजदरलाई नियन्त्रणमा राख्न निक्षेप सङ्कलन उपकरण मार्फत तरलता खिच्न लागेको हो।

हाल नेपालको कुल निक्षेप ७२ खर्ब रुपैयाँभन्दा बढी पुगेको छ। यसरी निक्षेप बढ्दा वित्तीय प्रणालीमा तरलताको चाप बढ्ने गर्छ, जसलाई व्यवस्थापन गर्न केन्द्रीय बैंकले समय-समयमा यस्ता उपकरणहरू प्रयोग गर्दै आएको छ। यस निक्षेप सङ्कलनको बोलकबोलमा राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरू मात्र सहभागी हुन पाउनेछन् । निक्षेपको रकम बाँडफाँट गर्दा सबैभन्दा कम ब्याजदर बोल गर्ने संस्थालाई प्राथमिकता दिइनेछ । आज अनलाइन खरिद प्रणाली मार्फत बोलकबोल हुनेछ र ब्याजदर बोलकबोलकै माध्यमबाट निर्धारण हुनेछ । बोलकबोल हुने यो निक्षेपको सावाँ र ब्याज २०८२ असोज १२ गते भुक्तानी गरिने राष्ट्र बैंकले जनाएको छ।

बोल गर्न सकिने न्यूनतम रकम १० करोड रुपैयाँ र अधिकतम ५ करोड रुपैयाँले भाग जाँदा निःशेष (चभ्रबष्लमभच ०) हुने गरी कुल आह्वान गरिएको रकमसम्म हुनेछ।

केन्द्रीय बैंकको खुला बजार कारोबारसम्बन्धी कार्यविधिअनुसार, वित्तीय बजारमा लामो अवधिको अधिक तरलता देखिएमा त्यसलाई व्यवस्थापन गर्न अधिकतम ६ महिना अवधिको दीर्घकालीन निक्षेप सङ्कलन उपकरण प्रयोग गर्न सकिने व्यवस्था छ। राष्ट्र बैंकले यही व्यवस्था टेकेर पटक-पटक निक्षेप सङ्कलन उपकरण प्रयोग गर्दै आएको छ।

# ऐतिहासिक शृंखला खेल्न उत्साहित नेपाली टोली

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ असोज



यही सेप्टेम्बर २७ देखि ३० सम्म यूएईमा नेपाल र वेस्ट इन्डिजबीचको युनिटी कप टी-२०आई सिरिज हुँदैछ। सिरिजमा सहभागी हुने नेपाली टोलीको बिहीबार बिदाइ गरिएको छ। नेपाली क्रिकेटका लागि ऐतिहासिक रहेको यस शृंखलामा खेल्न नेपाली टोली निकै उत्साहित देखिएको छ। यस शृंखला नेपालले हालसम्म खेलेका द्विपक्षीय शृंखलाहरूभन्दा फरक हुनेछ। नेपालले हालसम्म कुनै पनि टेस्ट राष्ट्रसँग द्विपक्षीय शृंखला खेलेको छैन । त्यस हिसाबले पनि वेस्ट इन्डिजसँगको यस शृंखला ऐतिहासिक रहेको छ।

त्यसमाथि पनि वेस्ट इन्डिजजस्तो दुई पटकको विश्व च्याम्पियन टोलीसँग खेल्न लागेकाले खेलाडीहरू उत्साहित देखिएका छन् । नेपाली क्रिकेट टोलीका कप्तान रोहित पौडेलले तयारी धेरै राम्रो भएको बताउँदै शृंखला खेल्न उत्साहित रहेको बताए। 'एकदम राम्रो तयारी हुनेछ विश्वकप छनोटका लागि, अस्ट्रेलियामा पनि राम्रो खेलहरू खेलेर आएका छौं । तयारी एकदम राम्रो छ।

यो शृंखला खेल्नका लागि एकदमै उत्साहित छौं' कप्तान रोहितले भने। उनले वेस्ट इन्डिजसँग खेल्न टिमभित्र सबैमा कन्फिडेन्स रहेको उल्लेख गरे। 'हामी एकदम कन्फिडेन्ट छौं, पछिल्लो समय हामीसँग पनि विभिन्न प्रतियोगिता खेलेको अनुभव छ, मोटिभेसन पनि छ, हामी वेस्ट इन्डिजलाई हराउँछौं।' त्यस्तै नेपाली टोलीका सहायक प्रशिक्षक ज्ञानेन्द्र मल्लले ऐतिहासिक अवसर प्राप्त भएको उल्लेख गरे। 'हामी ऐतिहासिक क्षणमा छौं। हाम्रो लागि राम्रो अवसर पनि छ। विश्वकप छनोटमा जानुभन्दा अगाडि तयारीको मौका छ' मल्लले भने, 'एउटा राम्रो टिमलाई हराउने मौका पनि छ हामीसँग। यूएईमा राम्रो तयारी गरेर विश्वकपमा पनि छनोट हुन सक्छौं भन्ने विश्वास छ।' आदिल र जोरा भन्छन्- टिममा फर्किंदा खुसी छौं- यस सिरिजका लागि नेपालको टोली घोषणा हुँदा दुई खेलाडीले राष्ट्रिय टोलीमा फेरि पुनरागमन गरे। मोहम्मद आदिल आलम र सन्दीप जोराले राष्ट्रिय टोलीमा पुनरागमन गरेका हुन्।




अनुरोधकर्ता
भंगहा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
महोत्तरी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# जेन-जी विद्रोहको निसाना : प्रणाली कि प्रवृत्ति

-जेन-जी पुस्ताले सुरु गरेको आन्दोलनले राजनीतिक प्रणालीभन्दा पनि नेतृत्व र तिनका प्रवृत्तिविरुद्ध आक्रोश पोखेको देखियो। आन्दोलनले नेपाली युवाहरूमा राजनीति र प्रणालीगत यथार्थबारे गहिरो छलफल र चेतना ल्याएको छ। संसदीय प्रणालीको विकल्प र प्रत्यक्ष निर्वाचित कार्यकारीबारे बहस भइरहे पनि, नेतृत्वको संस्कार र समाजको चेत नै परिवर्तनको मूल आधार हो भन्ने निष्कर्ष देखिन्छ। गत हप्ता जेन-जी (१३ देखि २७ वर्ष उमेरका पुस्ता) ले सुरुवात गरेको शान्तिपूर्ण आन्दोलन एकाएक हिंसात्मक बन्दा व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको सर्वनाश मात्र निम्त्याएन, यसले विश्व राजनीतिमै सर्वाधिक चर्चा पायो।

दुई दिनअघि सामाजिक सञ्जाल मार्फत आह्वान भएर सोमबार अपराह्नदेखि चलेको आन्दोलन भोलिपल्ट (मंगलबार) बेलुकीसम्म पुग्दा ५२ जनाको मृत्यु, सयौं घाइते र खर्बौं मूल्यका यातायातका साधन र भौतिक संरचना ध्वस्त भई, फेरि एकाएक सामान्य भएजस्तो देखिँदा धेरैलाई सपनाजस्तो लागेको भनिन्छ। करिब डेढ दिनको हिंसात्मक गतिविधि तेस्रो दिनमा आइपुग्दा कम भइसकेको, विद्रोहलाई संस्थागत गर्दै सरकार बनाउन अरू एक दिन लागेको र आन्दोलन सुरु भएको चौथो वा आह्वान भएको छैटौं दिनमा त जनजीवन नै सामान्य देखिन्थ्यो। यसबीचमा आन्दोलनको आह्वानकर्ता जेन-जीहरूले कठिन र सहज दुवै परिस्थितिमा कसरी आफ्ना कुरा जनसमक्ष सञ्चार गर्दा रहेछन्, शान्तिपूर्ण आह्वान हिंसामा रूपान्तरण भएपछिको आक्रोशलाई कुन हदमा सम्हाल्दा रहेछन्, र के कसरी आफ्नो आक्रोश पोख्दा रहेछन् भन्ने पनि देख्न पाइयो। समग्रमा राजनीति र त्यसभित्रका विविध प्रणालीगत यथार्थबारे कुन तहको बुझाई नेपाली युवाहरूमा रहेछ भन्ने पनि उनीहरूले गरेका पत्रकार सम्मेलन, बैठकमा भएका छलफल र सामाजिक सञ्जालमार्फत छताछुल्ल पारेको रिल, टिकटक अनि पोस्टहरूले देखायो। हरेक घटनाका दुवै पाटा हुन्छन्। झन्डै दुईतिहाइको संसदीय सत्तापलटलाई समेत सहज बनाउन सफल गत हप्ताको युवा विद्रोहको पनि सकारात्मक पक्ष भनेको आफैंमा धेरैले 'राजनीति भनेको फोहोरी खेल' भनेर बुझेका र बुझाइएका यी समूहले राजनीति भनेको जान्नुपर्ने विषय रहेछ, यसका हरेक अवयवले आफ्नो र समाजको दैनिकीमा असर गर्ने रहेछ भनेर बुझ्ने र सोच्ने मौका पाएको देखियो। अहिलेको 'राजनीतिक नेतृत्व मात्र होइन, व्यवस्था नै खराब छ, नेतासँगै व्यवस्था र प्रणाली पनि समाप्त होस्' भन्ने धारणा बनाउन उद्यत एक पञ्चगामी शक्ति सर्वत्र युवालाई भड्काउने स्रोत-साधन र तकनिकीसहित तयारीमा रहिरहँदा पनि आफू प्रस्ट नभएका विषयमा आन्दोलनमा रहेका र भड्काउन लागेकाबाहेक बाहिर रहेर हेरिरहेकाहरूसँग पनि घनीभूत छलफल गर्न मात्र होइन, देशको परिस्थितिअनुरूप के राम्रो र के नराम्रो भन्नेमा पनि छोटै समयमा एउटा अडानमा पुगेर निकास दिन सफल भए। जुन प्रशंसालायक थियो। यसबाट नेपाली समाजले सिक्ने पाठ धेरै छन्। सानैदेखि चाहिने नैतिक शिक्षाको एउटा पाटो होला।



अर्को, देश र समाजका विभिन्न अवयवहरूको वस्तुनिष्ठ ज्ञान पनि हो। तर यस आलेखमा जेन-जी आन्दोलन सहज बन्दै गर्दा आन्दोलनका क्रममा उठेका माग र त्यसलाई सम्बोधनका तरिकाका बारेमा अहिले भइरहेका बहसमा केन्द्रित छ। आन्दोलन राजनीतिक प्रणालीविरुद्ध थियो ? जेन-जीका माग राजनीतिक प्रणालीविरुद्ध नभई प्रणालीलाई सञ्चालन गर्ने व्यक्ति र तिनका तौरतरिकाविरुद्ध केन्द्रित थिए। हरेक ठूला दलमा एउटै व्यक्ति वर्षौं नेतृत्वमा रहिरहने, शासन सञ्चालनमा तिनै तीन दलका नेतृत्वबीच घुमीफिरी चल्ने क्रम रहिरह्यो। आफू विपक्षमा रहँदा या शासन सुरु गर्दा आकाश नै खसाल्ने जस्ता प्रतिबद्धता बाँड्ने अनि काम गर्दै जाँदा न त प्रतिबद्धता सम्झने, न त जनअपेक्षाबमोजिम नै गर्ने प्रवृत्ति रह्यो। राज्यका हरेक ठाउँमा राम्रा होइन, आफ्ना मानिस राख्ने काम त गरे नै, राजनीतिक व्यवस्थाको सही कार्यान्वयनको सट्टा कहाँ कहाँ कमजोर प्वाल छन्, त्यहाँबाट खेल्ने र समग्रमा व्यवस्था नै कमजोर बनाउने काम भए। उदाहरणका लागि, संसदीय व्यवस्थाको मर्यादाबमोजिम कमसेकम कोलिसनभित्रको पहिलो दलको नेतृत्वमा सरकार बन्ने प्रणाली मात्र बनाउन सकेको भए पनि त्रिदलीय घेराभित्र रहेको नेतात्रयको म्युजिकल चेयरको दुष्चक्र यति बलियो देखिने थिएन। सरकार बनाउन नै यावत् तिकडम र अनियमितता हुने काममा न्यूनीकरण हुन्थ्यो।

उनीहरू नै बारम्बार एकअर्काविरुद्ध कुरा उठाउँदै समाजमा केही भएको छैन भन्ने भाष्य बनाउन उद्यत हुने जस्ता कार्य सम्भव थिएन। हेर्दा भयंकर विरोध गरेझैं देखिने, त्यसले जनस्तरमा निराशा बढ्ने तर भित्रभित्र भने अघोषित मिलेमतो जस्तो अवस्थाले मुख्य तीन दलले प्रतिपक्ष पनि रहेको भन्ने अनुभूति पनि दिएन। हरेकजसो सरकारमा पालैपालो काम गरेका कारण सारा अव्यवस्था र अनियमिततामा तीन दलका मध्ये कोही न कोहीको संलग्नता पाइने भएपश्चात् प्रायः प्रश्न नै नउठ्ने, उठाइहाले पनि हल्का अर्थात् 'म पिटेजस्तो गर्छु, तिमी रोएजस्तो गर' भने जसरी उठाएका कारण भ्रष्टाचार मौलाउँदै गयो। जब भ्रष्टाचार व्याप्त हुन थाल्यो, उच्च तहका कर्मचारी, सुरक्षा अधिकारीदेखि लिएर राजनीतिकर्मीको व्यापक संलग्नता र राजनीतिक ब्युरोक्रेटिक नेक्सस देखियो।

साभार : कान्तिपुर।




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियां गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश







अनुरोधकर्ता
गौशाला नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday